आज मिति २०७८ साल वैशाख १५ गते बुधवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको बैठक तपसिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९. | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत (शि) | श्री बाबुराम खत्री | |
| २१ | इन्जिनियर | श्री गजेन्द्र कुमार साह | |

२०७८/१/१५
प्रमुख प्रशासकीय अधिकृत

२०७८/१/१५
अध्यक्ष

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोजपुर, १ नं प्रदेश

निर्णय पुस्तिकाः २०७८/०१/१५ बैठक संख्या २०

**प्रस्तावहरुः-**

१. १० शैया आधारभुत अस्तपाल निर्माण टेण्डर सम्वन्ध ।

२. कोभिड अस्पतालका लागि स्वास्थ्य कर्मचारी सेवा करारमा नियुक्ति सम्वन्धमा ।

निर्णयहरुः

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै मिति २०७७/०७/२७ को कार्यपालिका बैठकले आमचोक गाउँपालिकामा १० शैयाको आधारभुत अस्पताल निर्माणको आवश्यकता ठहर गरी १० शैयाको आमचोक अस्पताल निर्माण गर्ने निर्णय गरी रु १५ लाख विनियोजना भै डिपिआर र माटो परिक्षणको कामका लागि परामर्श सेवाको काम भैरहको हुँदा आधारभूत अस्पताल भवन निर्माण सम्वन्धि निर्देशिका २०७७ बमोजिम १० शैयाको अस्पतालको भवन निर्माणको कुल २१,४७,१७,२९०.७६।०० लागत अनुमान स्वीकृत गरी टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै अस्थायी कोभिड अस्पताल संचालनका लागि संघीय सरकारवाट प्राप्त बजेट र गाउँपालिकावाट आवश्यक वजेट व्यवस्थापन गर्ने र चिकित्सक-१ का लागि १०० प्रतिशत प्रोत्साहन भत्ता उपलव्ध गराउने गरि अस्थायी कोभिड अस्पताल संचालनका लागि आवश्यक पर्ने स्वास्थ्यकर्मी सेवा करारमा नियुक्ति गर्न तेश्रो पटक सार्वजनिक सूचना जारी गरि प्रकृया वढाउने गर्ने निर्णय गरियो ।

प्रमाणित गरियो
२०७८/१/१५
प्रमुख प्रशासकीय अधिकृत

२०७८/१/१५
अध्यक्ष

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
१ नं प्रदेश